आज मिति २०७५ साल जेठ ०९ गते बुधवारका दिन विहान ८:०० यस कपुरकोट गाउँपालिकाकाको विविध विषयमा छलफल गर्न गाउँ कार्यपालिका अध्यक्ष श्री भिमबहादुर सेनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णय भयो ।

उपस्थिति

| | |
|---|---|
| श्री भिमबहादुर सेन | अध्यक्ष, कपुरकोट गाउँपालिका |
| श्री तिला बुढामगर | उपाध्यक्ष ,कपुरकोट गाउँपालिका |
| श्री बालाराम खड्गा | वडा अध्यक्ष,कपुरकोट गाउँपालिका |
| श्री मानबहादुर राना | वडा अध्यक्ष,कपुरकोट गाउँपालिका |
| श्री मिनबहादुर सेन | वडा अध्यक्ष,कपुरकोट गाउँपालिका |
| श्री हरिलाल पुन | वडा अध्यक्ष,कपुरकोट गाउँपालिका |
| श्री यमकुमार वस्नेत | वडा अध्यक्ष,कपुरकोट गाउँपालिका |
| श्री हेरमबहादुर बुढाथोकी | वडा अध्यक्ष,कपुरकोट गाउँपालिका |
| श्री कमला वि.क. | कार्यपालिका सदस्य,कपुरकोट गाउँपालिका |
| श्री भिमा भण्डारी | कार्यपालिका सदस्य,कपुरकोट गाउँपालिका |
| श्री ललिता गिरी | कार्यपालिका सदस्य,कपुरकोट गाउँपालिका |
| श्री शान्ता वली | कार्यपालिका सदस्य,कपुरकोट गाउँपालिका |
| श्री ठगविर कामी | कार्यपालिका सदस्य,कपुरकोट गाउँपालिका |
| श्री यमुना नेपाली | कार्यपालिका सदस्य,कपुरकोट गाउँपालिका |
| श्री सुबाश रिजाल | प्रमुख प्रशासकिय अधिकृत,सदस्य सचिव |
| श्री जीवराज खत्री | ना.सु. |

मिति २०७५।०२।०९ गते बस्ने गाउँ कार्यपालिका बैठकमा प्रस्तुत ःप्रस्तावहरु

१. नीति, कार्यक्रम तथा बजेट निर्माण तयारीका लागि विभिन्न विषयगत समितिका बैठक सम्वन्धमा

२. योजनाहरुको फरफारक सदर गर्ने सम्बन्धमा

३. वडा नं. ६ मा स्वास्थ्य चौकीका लागि जग्गा खरिद गर्ने सम्बन्धमा

४. गाउँपालिकाको भवन निर्माण लागत अनुमान तथा बोलपत्र स्वीकृत सम्वन्धमा

५. विविध सम्वन्धमा

भिम बहादुर सेन
गाउँ कार्यपालिका अध्यक्ष

२०७५।०२।०९ मा बसेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

प्रस्ताब नं. १ माथि छलफल गर्दा कपुरकोट गाउँपालिकाको आगामी आर्थिक बर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम र बजेट निर्माण तयारी गर्न गाउँ कार्यपालिकामा रहेका सबै विषयगत समितिहरुको - आर्थिक विकास समिति, सामाजिक विकास समिति लगायतका सबै विषयगत समिति। बैठक उक्त विषयगत समितिका सयोजक र सचिवालयका कर्मचारीको समन्वयमा मिति तय गरी बस्ने र तत् तत् समितिहरुले आ-आफ्नो समितिसंग सम्बन्धित क्षेत्रको आगामी दिनमा लक्ष्य, उद्देश्य तथा नीति र रणनीति तथा कार्यनीति तयार गरी सोही बमोजिम योजना आयोजना छनौटका काम अघि बढाउने निर्णय गर्दछ ।

राजश्व परामर्श समितिको बैठक बसी गत बर्षको समिक्षा तथा आगामी बर्षका लागि राजश्वका दर र दायरा विषयमा प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्ने निर्णय गर्दछ ।

निर्णय नं. २

प्रस्ताब नं. २ माथि छलफल गर्दा वडा कार्यालयबाट आएका भूक्तानीको सिफारीस तथा गाउँ कार्यपालिका कार्यालयबाट भएको अनुगमन तथा जाँचपास समितिले गरेको भूक्तानीको सिफारीस बमोजिम मिति २०७५।०१।२४ देखि ०७५।०२।०९ सम्मको अवधिमा भएको देहाय बमोजिमका योजनाहरुको भूक्तानी कार्यपालिकाले सदर गर्दछ ।

मिति २०७५।०१।२४ देखि २०७५।०२।०९ सम्ममा भूक्तानी भएका योजनाहरु

| क. सं | भूक्तानी मिति | योजनाको नाम | विनियोजन रकम | भूक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०७५।०१।२४ | दहवन प्रा.वि. शैक्षिक सामग्री खरिद | २००००० | २००००० | |
| २ | ०७५।०१।२५ | लयासी खानेपानी योजना निर्माण | १००००० | १००००० | |
| ३ | ०७५।०१।२५ | चमडाँडा धारा मुहान संरक्षण | १५०००० | १५०००० | |
| ४ | ०७५।०१।२५ | पुरखेपानी सिरानी । गौरापानी ) तारापरे खानेपानी योजना निर्माण | २००००० | २००००० | |
| ५ | ०७५।०१।२५ | बालविवाह न्यूनीकरण सम्बन्धी बहस कार्यक्रम | ३००००० | ३००००० | |
| ६ | ०७५।०१।२६ | खाली सितल बजार सडक स्तरोन्नती | १०००००० | १०००००० | |
| ७ | ०७५।०२।०१ | कोट्ला डिबाङ मोटरबाटो निर्माण | २०००००० | २०००००० | |
| ८ | ०७५।०२।०२ | भूक्षय नियन्त्रण गर्न जाली खरिद वडा २ | ४००००० | ४००००० | |
| ९ | ०७५।०२।०२ | लामिडाँडा मोटरबाटो निर्माण | ५००००० | ५००००० | |
| १० | ०७५।०२।०३ | ज्यामिरेखोला पोखराडाँडा खानेपानी योजना निर्माण | २००००० | २००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | ०७५।०२।०६ | चिसापानी मुहानदेखि ठूलागाउँ लेखटोल खानेपानी योजना निर्माण | ३००००० | ३००००० | |
| १२ | ०७५।०२।०६ | गोगनेपानी देखि डाँग्री टोल खानेपानी योजना निर्माण | २००००० | २००००० | |
| १३ | ०७५।०२।०६ | बगाले सल्लाम पाल्ला सडक निर्माण | ३००००० | ३००००० | |
| १४ | ०७५।०२।०६ | झालेपहर जलबाङ खानेपानी निर्माण | २००००० | २००००० | |
| १५ | ०७५।०२।०६ | झालेपहर खानेपानी मुहान संरक्षण रामीडाँडा | २००००० | २००००० | |
| १६ | ०७५।०२।०७ | डाँडागाउँ सातामूल भिगारे सिनबाङ मोटरबाटो निर्माण | १०००००० | १०००००० | |
| १७ | ०७५।०२।०८ | जिवनज्योति मा.वि. रिम प्रथम रनिङ विल | | ३३४६२१६ | |

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कपुरकोट गाउँपालिका वडा नं. ६ मा स्वास्थ्य चौकीका लागि जग्गा उपयुक्त र पायक पर्ने ठाउँमा निशुल्क दिन कोही इच्छुक नदेखिएको सन्दर्भमा जग्गा छनौट तथा मुल्याङ्कन समितिले उक्त क्षेत्रको लागि पायक पर्ने तथा प्रचलित स्थानीय मुल्य बमोजिम उपयुक्त ४ रोपनी जग्गा सिफारीस भई आए बमोजिम कार्यपालिकाले सचिवालयलाई भूक्तानीका लागि निर्देशन गर्दछ ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिकाको भवन निर्माणको लागत अनुमान र बोलपत्रको स्वीकृत गर्ने सिमा रा.प तृतीय क्षेणीको कार्यालय प्रमुखले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम स्वीकृत गर्न पाउने सिमा भन्दा माथि भएको सन्दर्भमा गाउँपालिका भवन निर्माणको लागत अनुमान र बोलपत्र श्रीमान् अध्यक्षज्यू बाटै स्वीकृती गराउने कार्यपालिकाले निर्णय गर्दछ ।

निर्णय नं. ५

प्रस्ताव नं. ४ विविध विषयमाथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरीयो ।

- विद्यालयहरु तर्फ विनियोजित बजेट योजनाको कार्यान्वयनमा देखिएको जटिलतालाई फुकाउने सन्दर्भमा चालु आर्थिक बर्षको लागि त्यस्ता जटिलता रहेका विद्यालय तथा क्याम्पसले वडाध्यक्ष लगायत जनप्रतिनिधिको रोहवरमा विद्यालय भेला गराई बजेट किताबमा भएको शिर्षकमा के कति खर्च हुने हो र अन्य कार्यालय विद्यालय सञ्चालनमा निजी स्रोतबाट राखिएका शिक्षक शिक्षिकाको पारिश्रमिकमा कति खर्च हुने हो सोही बमोजिम निर्णय गरी सम्झौता गर्ने र सोही आधारमा भूक्तानी गर्न सचिवालयलाई कार्यपालिकाले निर्देशन गर्दछ ।

भिम बहादुर सेन
गाउँ कार्यपालिका सदस्य

- गाउँपालिकाभित्र भएको घर परिवार लगत संकलनको सम्झौता भए बमोजिम उपयुक्त बजेट शिर्षक खोजि सचिवालयलाई निर्देशन दिने तथा रकमान्तर गर्नुपर्ने भएमा पछि रकमान्तर गर्ने गरी भूक्तानीका लागि निर्देशन गर्दछ ।
- वडा नं. ३ मा निर्मित कालिका मन्दिरको प्राविधिक लागत अनुमान तथा कार्यसम्पन्न प्राविधिक मुल्याङ्कन अनुसार बजेट किताबमा भएअनुसारको रकम नपुग भएको सन्दर्भमा हाललाई समपुरक कोषबाट रु १ लाख ८० हजार थप गरी प्रथम रनिङ्ग बिल भुक्तानी दिने तथा बाँकी नपुग रकम आगामी आ.ब. बाट वा मर्मत सम्भार कोषबाट भूक्तानी हुने गरी निर्णय गरीयो ।
- गाउँपालिकाभित्र रहेका फरक क्षमता भएका (अपाङ्गहरुको) यथार्थ स्थिति विवरण सर्वेक्षणका लागि गाउँपालिकास्तरीय अपाङ्ग समितिसंग सम्झौता गरी काम अघि बढाउन सचिवालयलाई निर्देशन गर्दछ ।
- गाउँपालिकामा पैशा नलाग्ने टेलिफोन टोल फ्रि नं. १६६०८८५२०७० जडान भएको सबै वडा तथा वस्तीमा जानकारी गराउने ।

भिम बहादुर सेन
गाउँ कार्यपालिका अध्यक्ष